८४% वन क्षेत्र, ७% कृषि क्षेत्र, ५% नदी, खोला, खोल्सा र ४% अन्य क्षेत्र रहेको छ ।

## जैविक विविधता

भानुभक्त प्राणी उद्यानको चारैतिर वन क्षेत्र रहेको छ । यस क्षेत्रको उचाई समुद्र सतहबाट ४१५ मिटरदेखि ८२४ मिटरसम्म रहेकोले भिन्न भिन्न हावापानीमा रहने वन्यजन्तुको लागि सुहाउँदो वातावरण रहेको छ । यस प्राणी उद्यानमा प्राकृतिक अवस्थामा विभिन्न वन्यजन्तु, पंक्षी, सरिसृप तथा उभयचर र वनस्पतिहरु पाईन्छ । यहाँ चितुवा, स्याल, वनविरालो, फ्याउरो लगायत १३ किसिमका जनावारहरु, १५ किसिमका उभयचर तथा सरिसृपहरु, १८५ किसिमका पंक्षीहरु र ५० भन्दा बढी प्रकारका वनस्पतिहरु प्राकृतिक अवस्थामा पाईन्छन् ।

## ईलाका निर्धारण

भानुभक्त प्राणी उद्यानको स्विकृत गुरुयोजना अनुसार यसको कुल भू-भागलाई मुख्य गरि दुई वटा ईलाकामा विभाजन गरिएको ।

**संरक्षण ईलाकाः** घना वन क्षेत्र, भिरालो र पहुँच नभएको करिव २९७.४७ हेक्टर क्षेत्रफल ईलाकालाई संरक्षण ईलाकाको रुपमा राखीएको छ । यस ईलाकालाई संरक्षण गरी यस क्षेत्रमा पाइने प्राकृतिक अवस्था रहेका वनस्पति र वन्यजन्तुको संरक्षण गरिने छ ।

**उपयोग ईलाकाः** तुलनात्मक रुपमा कम भिरालो, पानी श्रोत भएको र मानवीय गतिविधिबाट टाढा रहको क्षेत्रलाई उपयोग ईलाका रुपमा छुट्टाइएको छ । यसको क्षेत्रफल करिव १२७.५३ हेक्टर रहने छ ।यस ईलाकामा ४ वटा क्षेत्र र ८ वटा शाखा रहने छ । ४ वटा क्षेत्रमा प्रशासनिक क्षेत्र, प्रदर्शनी क्षेत्र, शान्ती र आध्यातमिक क्षेत्र र उद्दार तथा अनुसन्धान क्षेत्र रहने छ भने ८ वटा शाखामा ठूला शाकाहारी शाखा, शाकाहारी शाखा, पंक्षी शाखा, सर्वहारी शाखा, सरिसृप शाखा, साना स्तनधारी शाखा, मांसहारी शाखा र भालु शाखा रहने छ ।

## समस्याहरुः

प्राणी उद्यान राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन अनुसार घोषणा नभएको, संस्थागत एवं संगठनात्मक समस्या जस्तै कार्यालय र कर्मचारीको दरवन्दी स्थायी नभएको र गुरुयोजना अनुसार कार्यक्रम अघि बढाउन पर्याप्त जनशक्ति नभएको, प्राणी उद्यानको चारकिल्ला भित्र रहेका व्यक्तिका निजी नम्बरी जग्गाको मूल्याङकन भैसक्दा पनि जग्गा प्राप्ती र मुआब्जा वितरणको लागी आवश्यक निर्णय र रकम विनियोजन नभएको ।

## समस्या समाधानका उपायहरूः

प्राणी उद्यानलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन अनुसार घोषणा गरी यसको छुट्टै नियामावली हुनु पर्ने । स्वीकृत गुरुयोजना अनुसार स्थायी कार्यालय र कर्मचारीको व्यवस्था हुनु पर्ने ।जग्गा प्राप्ती ऐन २०३४ अनुसार नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबाट प्राणी उद्यानको चारकिल्ला भित्र परेका निजी घर/जग्गा अधिग्रहण गरि जिल्ला मुआब्जा मूल्याङन उपसमितिले पेश गरको प्रतिवेदनको आधारमा मुआब्जा वितरण हुनु पर्ने तथा मुआब्जा वितरण पश्चात विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यक्रम अगाडी बढाउनु पर्ने देखिन्छ ।

## सम्भावना र अवसरः

गण्डकी प्रदेशमा पर्ने ११ वटा जिल्लामध्ये दक्षिण-पूर्वी भागमा अवस्थित तनहुँ जिल्लामा रहेको भानुभक्त प्राणी उद्यान पृथ्वी राजमार्गसँग जोडिएको हुँदा यातयातको दृष्टिकोणबाट सहज पहुँचमा रहेको छ । ठूलो क्षेत्र, भू-वनोट र हावापानीका साथै प्रशस्त मात्रामा पानीको श्रोत भएकोले नेपालको भौगोलिक विविधता अनुसार पाईने स्थानीय तथा पर-स्थानीय वन्यजन्तुलाई संरक्षण गर्न सकिने छ । वन्यजन्तु संरक्षण मार्फत आमोद-प्रमोद र संरक्षण शिक्षा प्रदान गर्न तथा वन्यजन्तुको वैज्ञानिक अध्ययन अनुसन्धानको महत्वपूर्ण क्षेत्रको रुपमा विकास गर्न सकिने छ ।घाईते तथा टुहुरा वन्यजन्तुको उद्धार तथा व्यवस्थापनबाट मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरण गर्न सकिने छ । महत्वपूर्ण ऐतिहासिक, साँस्कृतिक र धार्मिक क्षेत्रका साथै जातीय विविधता समेत रहेको यस क्षेत्र चितवन, बन्दिपुर, पोखरा र लुम्बिनी लगायत नेपालका प्रमुख पर्यटकीय गन्तव्यसँग जोडोएकोले पर्या-पर्यटन प्रवर्धन गरी रोजगारीको अवसर श्रृजना गर्न सकिनुका साथै स्थानीय जनताहरुको जीवनस्तर उकास्न तथा राष्ट्रिय आय वृद्धि गर्न समेत टेवा पुर्याउने छ ।




**थप जानकारीको लागि**
भानुभक्त प्राणी उद्यान कार्यालय
छिर्कन, तनहुँ ।
फोन नं.: ९८५६०६६६२०, ९८५६०२२२४७
इमेल : zoologicalgardenbhanu2018@gmail.com
वेभसाइट : www.bhanubhaktazoologicalgarden.gov.np


# भानुभक्त प्राणी उद्यानः एक चिनारी






नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
**भानुभक्त प्राणी उद्यान कार्यालय**
छिर्कन, तनहुँ

## पृष्ठभूमी :

नेपाल लगायत विश्वभरि नै वन क्षेत्रमा भएको खण्डिकरण, क्षयीकरण र विनास, प्राकृतिक श्रोतको अधिक उपयोग, डढेलो, अतिक्रमण, वातावरणीय प्रदुषण, जलवायु परिवर्तनको नकारात्मक प्रभाव जस्ता जोखिमहरुको कारणले कतिपय वन्यजन्तुका प्रजातीहरु लोप हुन पुगेका छन भने कतिपय लोप हुने अवस्थामा पुगेका छन् । वन, वनस्पति, वन्यजन्तु र समग्र जैविक विविधताको संरक्षण, सम्वर्धन, सदुपयोग र व्यवस्थापनका लागि नेपाल सरकारले नीतिगत, कानूनी, संरचनागत र मानवीय श्रोत एवं साधन व्यवस्थापनका प्रयासहरु गर्दै आएको छ । विशेषगरी स्व-स्थानीय (In-situ Conservation) संरक्षणको लागि राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रको स्थापना र व्यवस्थापन गर्दै वन्यजन्तु संरक्षणबाट वातावरणीय सन्तुलन तथा आर्थिक विकासका लागि नेपाल सरकारबाट विभिन्न व्यवस्थापकीय पद्धती अवलम्वन गर्दै अनवरत रुपमा समयानुकुल प्रयासहरु गर्दै आएको छ । यसका अतिरिक्त नेपाल सरकारबाट वन र वन्यजन्तु संरक्षणसम्वन्धी शिक्षा दिनका लागि जैविक विविधता र यसको महत्व बारेमा प्रचारप्रसार, अध्ययन अनुसन्धान, टुहुरा तथा घाईते वन्यजन्तुको व्यवस्थापन गर्दै आएको छ भने वंशाणुगत विविधताको संरक्षणको लागि चिडियाखाना, प्रजनन् केन्द्र र प्राणी उद्यान स्थापना र सञ्चालनबाट पर-स्थानीय संरक्षणका (Ex-situ Conservation) प्रयास हुदै आएको छ ।

## भानुभक्त प्राणी उद्यानको संक्षिप्त जानकारीः

आर्थिक वर्ष २०७३/०७४ को बजेट वक्तव्यमा नेपालको सातवटै प्रदेशमा प्रदेशस्तरीय प्राणी उद्यानको लागि स्थापनाका लागि सम्भाव्यता अध्ययन गर्ने उल्लेख भएको थियो । यस भन्दा अगाडी नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७१/१०/२९ को निर्णयानुसार मिति २०७१/१२/१६ गते राहपत्रमा सूचना प्रकाशित गरी भक्तपुरको सूर्यविनायकमा नेपालको पहिलो राष्ट्रिय प्राणी उद्यानको स्थापना भई सञ्चालनमा आएको छ ।बजेट वक्तव्य अनुसार तनहुँ जिल्लाको २७°५९'१८.३५" अक्षांस र ८४°२१'१३.३३" देशान्तरमा साविक घाँसीकुवा, बरभञ्ज्याङ, नावरुङ र मैवल गा. पा. (हाल व्यास न.पा. वडा नं. ११ र १२ तथा भानु न.पा. को वडा नं. ५ र ६) आसपासका ८ वटा सामुदायिक वनका आंशिक क्षेत्र, ५ वटा कबुलियती वन, निजी आवादी तथा खोलानाला, ऐलानी पर्ती र राष्ट्रिय वनको केही भागलाई समेटी जम्मा ४२५ हेक्टर क्षेत्रफलको भू-भागलाई मिति २०७३/१०/२० मा नेपाल सरकार (मन्त्रिपरिषद) को निर्णयानुसार भानुभक्त प्राणी उद्यानको घोषणा भई मिति २०७४/१/१८ गते राजपत्रमा सूचना प्रकाशित गरि स्थापना भएको हो ।




## प्राणी उद्यानको चारकिल्लाः

पूर्वः छिरकने भञ्ज्याङ जौवारीगाउँ जाने बाटोको केही भाग हुँदै पोखरी भञ्ज्याङ हुँदै ठाडोबाटो हुँदै वनतर्फको बाटो भएर राई खोल्सी भएर जौवारी जाने मुख भएर गखर्क डाँडा हुँदै चालिसे खोला, सिसा खोला भएर गरम भञ्ज्याङसम्म ।

पश्चिमः मोति चौतारा हुँदै कटहरेफाँट हुँदै तिनपातेडाँडा हुँदै ढकाल नदी हुँदै भूमिटार गाउँ हुँदै साठीमुरे खोला हुँदै भञ्ज्याङ चौतारासम्म ।

उत्तरः गरम भञ्ज्याङदेखि नावरुङ जाने कच्चीबाटो भन्दा दक्षिण हुँदै नावरुङको आवादी भएर खोल्सी हुँदै बगुवा गाउँ हुँदै नेपाल डाँडाको आवादी हुँदै सिम्ने खोला हुँदै ठाडो बाटो भएर भालुखोला हुँदै भञ्ज्याङ चौतारासम्म ।

दक्षिणः छिर्कने भञ्ज्याङदेखि पृथ्वी राजमार्ग हुँदै देउरालीको आवादी छेउ हुँदै मोती चौतारादेखि कटहरेफाँटसम्म ।

## दूरदृष्टि, गन्तव्य तथा उद्देश्यहरुः

### दुरदृष्टिः

वन्यजन्तुको परस्थानीय संरक्षण (Ex-situ Conservation) मार्फत आमोद प्रमोदलाई बढवा दिई स्थानीयस्तरमा रोजगारीहरु श्रृजना गरि राष्ट्रिय सम्वृद्धि हासिल गर्न टेवा पुर्याउने ।

### गन्तव्यः

स्थानीय र राष्ट्रिय सम्वृद्धिमा टेवा पुर्याउनको लागि नेपालमा रैथाने र गैर रैथाने वन्यजन्तु सहितको उद्यानको स्थापना र सञ्चालन ।

### उद्धेश्यहरुः

१. नेपालका रैथाने र गैर-रैथाने वन्यजन्तुको संरक्षण गर्नु ।

२. वन्यजन्तु संरक्षण मार्फत आमोद-प्रमोद र संरक्षण शिक्षा प्रदान गर्नु ।

३. वन्यजन्तुको वैज्ञानिक अध्ययन अनुसन्धान गर्नु ।

४. पर्या-पर्यटन प्रवर्धन गरी स्थानीय जनताहरुको जीवनस्तर वृद्धि गर्न टेवा पुर्याउनु।

५. घाईते तथा टुहुरा वन्यजन्तुको उद्धार र व्यवस्थापन गर्नु ।

## नीतिगत तथा कानूनी व्यवस्थाहरुः

### तत्कालिन वन नीति २०७१

वन नीति २०७१ को नीति २ मा "जैविक विविधता र श्रोतको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चत गर्ने" भनी उल्लेख भएको छ । सो नीति अन्तर्गतका कार्यनीतिहरुमा वन्यजन्तु संरक्षणको लागि देहायका कार्यक्रमहरु रहेका छन ।

- संकटापन्न, दुर्लभ, लोपोन्मुख वनस्पति र वन्यजन्तुको स्व-स्थानीय र पर-स्थानीय संरक्षण गरिनेछ ।
- चिडियाखानाको स्थापना एवं विस्तार गरिनेछ ।

### वन नीति २०७५

वन नीति २०७५ मा निम्न नीतिमा "राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, संरक्षित वन, सिमसार क्षेत्र, प्राणी उद्यान, वनस्पति उद्यान लगायत सवै संरक्षित क्षेत्रलाई पर्या-पर्यटनको आधारको रुपमा प्रवर्धन र विकास गरिनेछ" र "दुर्लभ, लोपोन्मुख र संरक्षित लगायतका वन्यजन्तु तथा वनस्पतिको स्व-स्थानीय र परस्थानीय संरक्षण र व्यवस्थापन गरिने छ" भनी उल्लेख भएको छ ।

### राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना (सन् २०१४-२०२०)

यस रणनीति तथा कार्ययोजनाको सिद्धान्त ३ मा "स्व-स्थानीय तथा परस्थानीय संरक्षण मार्फत जैविक विविधता संरक्षण गर्ने" भनी उल्लेख भएको छ ।

यस कार्ययोजनाका १६ वटा विशेष रणनीति तथा प्राथमिक कार्य क्षेत्र मध्ये प्रजाती तथा वंशाणुगत विविधता संरक्षण प्रवर्धन अन्तर्गत "लोपोन्मुख वन्यजन्तुको संरक्षणका लागि पर-स्थानीय संरक्षणलाई सुदृढ गर्दै कम्तिमा २ नयाँ चिडियाखाना उचित क्षेत्रमा स्थापना गर्ने" भनी उल्लेख भएको छ ।

### राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९

यस ऐनको दफा २ को परिभाषाको खण्ड च(२) मा "चिडियाखाना" भन्नाले संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन्, वशाणु श्रोतको संरक्षण, अध्ययन तथा अनुसन्धान गर्ने उद्धेश्यले जीवजन्तुहरु परस्थानमा प्रदर्शनीमा राखी व्यवस्थापन गरिएको स्थान सम्झनु पर्छ र सो शब्दले अन्तर्राष्ट्रिय प्रचलन अनुसार स्थापना गरिने प्राणी उद्यान (जुलोजिकल गार्डेन) लाई समेत जनाउँछ" भनी उल्लेख भएको छ । सोही ऐनको दफा १५(ग) मा "चिडियाखाना, वन्यजन्तु उद्धार केन्द्र तथा वन्यजन्तु अस्पताल स्थापना गर्न सकिने" सम्वन्धी व्यवस्था गरेको छ ।

## अवस्थिति र भू-उपयोगः

यस प्राणी उद्यानले तनहुँ जिल्लाको व्यास न.पा. र भानु न.पा. का साविकको ८ वटा सामुदायिक वन क्षेत्रको आंशिक भागको ३५६ हेक्टर, ५ वटा कबुलियती वन क्षेत्रको आंशिक भागको १६ हेक्टर, खोलानाला, ऐलानी जग्गा तथा राष्ट्रिय वनको २३.६४ हेक्टर र निजी नम्बरी जग्गाको २९.३६ हेक्टर गरी जम्मा ४२५ हेक्टर क्षेत्रफल जमिन ओगटेको छ । जस अनुसार यस प्राणी उद्यानमा

